# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ४) सैनामैना नगरपालिका, २४ भाद्र २०७७ साल (संख्या ५

## भाग–२

### सैनामैना नगरपालिका, रूपन्देही

### कार्यविधिको नाम : सैनामैना नगरपालिकाको लैङ्गिक हिंसा तथा जोखिममा रहेका व्यक्तिलाई सहयोग गर्ने कोष सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :** नगरपालिका सैनामैना नगरपालिकाले लैङ्गिक हिंसा न्यूनीकरण र जोखिममा रहेका व्यक्तिहरुको सहयोग, उद्धार र पुनः स्थापनाका क्षेत्रमा काम गर्दै आईरहेकोमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम लैङ्गिक हिंसा पीडित तथा जोखिममा रहेका व्यक्तिहरुलाई उद्धार, सहयोग र संरक्षण गर्न आवश्यक भएकोले सैनामैना नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नामः लैङ्गिक हिंसा तथा जोखिममा रहेका व्यक्तिलाई सहयोग गर्ने कोष सम्बन्धी कार्यविधि, २०७७ रहनेछ ।

ख) यो कार्यविधि सैनामैना नगरकार्यपालिकाले स्वीकृत गरि राजपत्रमा प्रकासित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **कार्यविधि** भन्नाले लैङ्गिक हिंसा तथा जोखिममा रहेका व्यक्तिलाई सहयोग गर्ने कोष सम्बन्धी कार्यविधि, २०७७ भन्ने सम्भन्नु पर्दछ ।

ख) **घरेलु हिंसा** भन्नाले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ अन्तर्गतको घरेलु सम्बन्ध भित्र हुने शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक यातना, दुःख, चोट, हानी भन्ने सम्भन्नु पर्दछ ।

ग) **लैगिंक हिंसा** भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य, मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्भन्नु पर्दछ ।

घ) **प्रमुख** भन्नाले सैनामैना नगरपालिकाको नगर प्रमुखलाई सम्भन्नु पर्दछ ।

ङ) **उपप्रमुख** भन्नाले सैनामैना नगरपालिकाको नगर उपप्रमुख लाई सम्भन्नु पर्दछ ।

च) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नु पर्दछ ।

छ) **संरक्षक** भन्नाले यस कार्यविधि अनुसार नियम ५ बमोजिम गठित संचालक समितिको संरक्षक सम्झनु पर्दछ ।

ज) **समिति** भन्नाले नियम ५ बमोजिमको तत्काल राहत तथा उद्धार समिति भन्ने सम्झनु पर्दछ ।

झ) **वडा समिति** भन्नाले सैनामैना नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

ञ) **विपन्न** भन्नाले आफ्नै उत्पादनबाट तीन महिना पनि खान नपुग्ने, परिवारका सबै सदस्यहरु बेरोजगार, आम्दानीको कुनै स्रोत नभएका व्यक्तिलाई विपन्न व्यक्ति भनी सम्झनु पर्दछ ।

ट) **सहयोग** भन्नाले लैङ्गिक हिंसाबाट पीडित प्रभावित व्यक्ति तथा जोखिममा रहेका व्यक्तिलाई उपचार, पुनस्थापना, मनोसामाजिक विमर्श, सुरक्षित आवास, खाना, यातायात, लत्ताकपडा, न्यायमा पहुँच र लैङ्गिक हिंसा पीडितको हकमा कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको क्षेत्रमा आर्थिक सहयोग उपलब्ध गराउने सम्झनु पर्दछ

ठ) **जोखिममा रहेका व्यक्ति** भन्नाले मानव बेचविखन तथा ओसारपसारमा परेका, अशक्त तथा अपाङ्गता भई साहारा विहिन बनेका, अभिभावक विहिन संरक्षक विहिन बालबालिका, बेसाहारा ज्येष्ठ नागरिक तथा विपतको कारण जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक व्यक्तिहरु भन्ने बुझिन्छ ।

## परिच्छेद-२

### ३. कोषको स्थापना तथा व्यवस्थापन

लैङ्गिक हिंसा पीडित तथा जोखिममा रहेका व्यक्तिको सहयोगका लागि एक कोषको स्थापना गरिनेछ । सो कोषमा निम्नानुसारको रकम जम्मा हुनेछ-

१) संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त रकम ।

२) स्थानीय तहवाट प्राप्त रकम ।

३) संघीय सरकारको सहमतिमा अन्तराष्ट्रिय संघ संस्थावाट प्राप्त रकम ।

४) स्वदेशी व्यक्ति वा संघ संस्थावाट प्राप्त रकम ।

५) अन्य स्रोतवाट प्राप्त रकम ।

### ४. सहयोग सम्बन्धी आधार

क) लैगिंक हिंसा पीडित प्रभावित तथा जोखिममा परेका व्यक्ति यस नगर क्षेत्र भित्र बसेका वा नगर क्षेत्र भित्र फेला परेको हुनु पर्नेछ ।

ख) व्यक्तिले सहयोग प्राप्तिका लागि सम्बन्धित वडाको सिफारिस वा ईलाका प्रहरी कार्यालय, मुर्गिया तथा सालभ्फण्डीको सिफारिसलाई आधार मानिनेछ ।

ग) लैङ्गिक हिंसा तथा जोखिममा परेका व्यक्तिले सहयोग प्राप्तिका लागि आफ्नो पहिचान खुल्ने कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ । कागजात नभएको तर उद्धार नगर्दा अरु बढी जोखिममा पर्न सक्ने अवस्थामा वडा कार्यालय वा ईलाका प्रहरी कार्यालयको सिफारिस पत्रलाई आधार मानिनेछ ।

## ५. कोषको उपयोग :

(१) कोषको रकम देहाय बमोजिमका विषयमा पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) तत्काल उद्धार गर्न ।

ख) औषधी उपचार गर्न ।

ग) राहत प्रदान गर्न  तथा आर्थिक सहयोग उपलब्ध गराउन ।

घ) कानुनी सहायता, मनोबैज्ञानिक उपचार, मनोसामाजिक सेवा तथा परामर्शसेवा प्रदान गर्न ।

ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न ।

च) पुनर्स्थापना प्रयोजन (यातायात, खाना, खाजा खर्च, होटल बास खर्च, लत्ता कपडा) को लागि ।

छ) प्रभावितका लागि समन्वय समितिले तोके बमोजिमको अन्य काममा ।

२) उपनियम (१) मा जनुसुकै कुरा लेखिएको भएता पनि जोखिममा परेका व्यक्तिको हकमा उपनियम (१) को (क) (ख) र (च) को क्षेत्रमा मात्र सहयोग उपलब्ध गराउन सकिनेछ ।

३) लैङ्गिंक हिंसा तथा यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानुन बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो रकम क्षतिपूर्ति दिन ।

४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल उद्धार तथा राहत समितिले लैङ्गिक हिंसा तथा जोखिम प्रभावित बालबालिका तथा किशोरकिशोरी वा हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

५) लैङ्गिक हिंसा तथा जोखिममा परेका व्यक्तिहरुलाई तत्काल आकस्मिक उद्धार र सहयोग गर्ने सन्दर्भमा तोकिएको बमोजिमको रकम खर्च गरी समितिबाट अनुमोदन समेत गराउन सकिने र सामान्य अवस्थामा समितिको बैठकबाट निर्णय गरी कोषको उपयोग गरिनेछ ।

## परिच्छेद-३

### ६. स्थानीय तहमा तत्काल उद्धार तथा राहत समिति गठन सम्बन्धी व्यवस्था

१) लैङ्गिक हिंसा पीडित प्रभावित तथा जोखिममा परेका व्यक्तिलाई तत्काल आवश्यक राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने र आवश्यक समन्वयका लागि नगरस्तरीय तत्काल उद्धार तथा राहत समिति गठन गरिनेछ ।

२) नियम ६ को उपनियम (३) अनुसार गठन भएको समितिमा सैनामैना नगरपालिकाको प्रमुख संरक्षक रहने व्यवस्था हुनेछ ।

३) तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :

क) उपप्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) उपप्रमुखले तोकेको १ जना महिला सहित २ जना नगर सभाको सदस्य - सदस्य

घ) इलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य

ङ) लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधी संयोजकल तोकेको १ जना - सदस्य

च) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

## ७. समितिको काम कर्तव्य र अधिकार

१) तत्काल उद्धार, समन्वय र आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने अवस्थामा समितिले आवश्यक कार्य गर्नेछ ।

२) लैङ्गिक हिंसा पीडितलाई एकीकृत सेवा प्रदानका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्नेछ ।

३) राहत तथा आर्थिक सहयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।

४) कोष बृद्धिका लागि स्रोतको खोजी र प्रदेश तथा संघीय सरकारसंग आवश्यक समन्वय गर्ने, प्रतिवेदन पठाउने ।

५) लैङ्गिक हिंसा प्रभावितले सहयोग प्राप्त गरे नगरेको विषयमा यकीन गरी आवश्यकता अनुसार कार्यालयलाई निर्देशन दिनेछ ।

६) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र आवश्यक ठानेमा सरोकारवाला व्यक्ति, निकाय र संस्थाहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

## ८. सहयोग सम्बन्धी मापदण्ड :

१) पीडितलाई देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

क) औषधी उपचारका लागि विरामी तथा कुरुवाको समेत जोडेर लागेको यथार्थ खर्च वा बढीमा रु १०००० (दश हजार सम्म)

ख) पुनर्स्थापना तथा फिर्तिका लागि सार्वजनिक यातायात र बास खर्च बापत यथार्थ लागेको रकम (दुईजना सम्म)

ग) कानुनी सेवामा लागेको खर्च वा बढीमा रु.४००० ( चार हजार) सम्म ।

घ) तत्काल उद्धार र राहतका लागि लागेको यथार्थ खर्च वा बढीमा रु.५०००।- (पाँच हजार) सम्म ।

ङ) मनोविमर्श सेवाका लागि रु. २०००। (दुई हजार) सम्म ।

च) कुनै विपन्न हिंसा पिडित व्यक्तिले मात्र कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि बस्तुगत तथा नगद अनुदान माग गरेमा संभाव्यता तथा मनासिव कारणका आधारमा समितिको निर्णय अनुसार उपलब्ध गराउन सकिने ।

छ) पीडित संग कुनै बालबच्चा भए बालबच्चाका लागि प्रतिदिन रु ३००।- रकम खाना खर्च बापत उपलब्ध गराउने ।

२) नियम (७) उपनियम (१) बमोजिम को सहयोग प्राप्तका लागि प्रभावित व्यक्ति स्वयम् वा निजको संरक्षकले अनुसुची १ बमोजिमको निवेदन कार्यालयमा दिनु पर्नेछ ।

३) गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतका प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र राहत तथा उद्धार समितिको तत्काल बैठक वस्ने अवस्था नरहेमा राहत तथा उद्धार समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषवाट पीडितलाई उपलब्ध गराउन कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

४) नियम ७ उपनियम १ बमोजिको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण भएमा समितिले मनासिव रकम थप गरीदिन सक्नेछ ।

## ९. समन्वय र सहकार्य

नगरपालिकाले लैङ्गिक हिंसा प्रभावित व्यक्तिलाई उद्धार, पुनःस्थापना, कानुनी सेवा, सुरक्षित आवास लगायतका आकस्मिक सेवाका लागि आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार तथा सरोकारवाला अन्य निकाय संघसंस्थाहरु संग समन्वय सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-४

**१०. कोषको लेखा र लेखा परीक्षण :** कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ, कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षकद्वारा हुनेछ, अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**११. संशोधन र हेरफेर** : आवश्यकतानुसार यो कार्यविधिमा संशोधन हेरफेर निर्णय गर्ने अधिकार नगरकार्यपालिकाको हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगरकार्यपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ।

१३. **बचाउ तथा खोरेजी:** यो कार्यविधी संघीय, प्रदेश सरकारको कानून तथा सैनामैना नगरपालिकाको ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य वा खारेजी हुनेछ।

## अनुसुची-१

नियम ७ को उपनियम २ सगं सम्बन्धीत

श्री संयोजक ज्यू,
नगरस्तरीय तत्काल उद्धार तथा राहत समिति
सैनामैना नगरपालिका ।

**विषय : सहयोग उपलब्ध गराइ पाउँ ।**

उपरोक्त विषयमा सैनामैना नगरपालिका वडा नं......मा बस्ने म बर्ष ...को श्री ................ लैगिंक हिंसा तथा जीवन जोखिममा परी पीडित भएको छु, मेरा आर्थिक स्तर ज्यादै कमजोर रहेको छ, म उपर लैगिंक हिंसा तथा जीवन जोखिम (............) भएको कारणले मेरो मानसिक, शारिरीक, सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई कानुनी सहायता एवं परामर्श, यातायात, मनोसामाजिक विमर्श, पुनःर्स्थापना फिर्ति, स्वास्थ्य उपचार, स्वरोजगार, खाना तथा आवास, अन्य ...... कामको लागि सहयोगको आवश्यकता परेको हुदा लैङ्गिक हिंसा तथा जोखिममा परेका व्यक्तिहरुलाई सहयोग गर्ने कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनु हुन यो निवेदन पेश गरेको छु ।

**निवेदक :**
नाम थर :
ठेगाना :
दस्तखत :
मिति :

प्रमाणीकरण मितिः २०७७/०५/२४

आज्ञाले
**टेकराज पन्थी**
प्रमुख प्रशासकीय अधिकृत